**श्री**

# सिराहा जिल्ला अदालत

## इजलास

## माननीय न्यायाधीश श्री मनोज के.सी.

## फैसला

**मुद्दा नम्बरः-०८०-C१-०१६४**

**र.नं.-३१-०८०-०२१५५**

**दर्ता मितिः-२०८०/७/१२**

**कसूर ठहर मितिः-२०८१/१/३१**

**निर्णय नं.:-७४५**

**सजाय निर्धारण मितिः-२०८१/२/१३**

**निर्णय नं.:-४१**

जिल्ला सिरहा, धनगढीमाई न.पा. वडा नं.१ बस्ने हरिदेव यादवको छोरा सन्तोष कुमार यादवको जाहेरीले नेपाल सरकार ----------------------------------------------------------------------१ } **वादी**

**विरुद्ध**

जिल्ला सप्तरी, साविक गा.वि.स. काचन वडा नं.८ हाल परिवर्तित बोदेबरसाइन न.पा. वडा नं.०३ बस्ने धर्मदेव यादवको छोरा मनिकलाल यादव-----------------------------------------------१ } **प्रतिवादी**

**मुद्दाः– ठगी तथा अनुचित लेनदेन**

| | |
|---|---|
| वादीको साक्षीः- | प्रतिवादीको साक्षीः- |
| प्रमाणः | प्रमाणः |

अदालतबाट बुझेको

×

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ वमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

## तथ्य खण्ड

**(१) जाहेरी दरखास्तको व्यहोरा:-**

मिति २०७७/०३/०१ गते म जाहेरवाला सन्तोष कुमार यादवले प्रतिवादी मनिकलाल यादव संग ऋण माग्दा तपाइले आफ्नो कि.नं.१९७३ को ज.बि.०-०-९ जग्गा पास गरी दिनुस र मलाई खाली चेक दिनुहोस भन्दा निजले जाहेरवालालाई नगद रु.२५००,०००/- (पचिस लाख) दिई सो बापत मिति २०७७/०३/०१ गते निज जाहेरवालालाई लहान मालपोत कार्यालय लहान सिरहामा बोलाई लगी निज जाहेरवालाको ज.बि.०-०-९ जग्गा र सो जग्गामा रहेको १२ कोठाको ४ तल्ले पक्की घर रजिष्ट्रेसन पास गराई निज जाहेरवालालाई परिबन्धमा पारी निज संग रु.७५००,०००/- (पचहत्तर लाख) को तमसुक कागज गराई लिई राखी निज जाहेरवालाले पुन मनिकलाल यादव संग रु.२०,००,०००/- (बीस हजार) ऋण लिदा सो रकमको तेब्बर जम्मा रु. ६०,००,०००/- (साठी लाख) को कपाली तमसुक बनाई विश्वासमा पारी निज जाहेरवालाको लहान वडा नं.१ स्थितमा रहेको ज.बि.०-०-१२.५० मा रहेको ५ कोठाको एक तल्ले पक्की घर रजिष्ट्रेसन पास गराई लिई तत् पश्चात निज जाहेरवालाले मनिकलाल यादव संग अन्तिम पटक १२,००,०००/- (ब्राह लाख) लिएकोमा सो बापत खाली चेक दिनुस विश्वासको लागि म राखी रहन्छु, कुनै किसिमको ठगी वेइमानी गर्देन जुन दिन तपाइले मलाई रकम चुक्ता गर्नु हुन्छ त्यही दिन तपाइको घर जग्गा र ४ वटा चेक फिर्ता गरदिन्छु, भनि जाहेरवाला संग सिद्धार्थ बैंक लहान र ग्लोवल आई एम ई बैंक लहानको चेक थान-समेत ४ लिई जाहेरवालाले मनिकलाल यादव संग जम्मा रु. ५७,००,०००/- (सन्ताउन लाख) रुपैया लिएकोमा निज मनिकलाल यादवले जाहेरवाला संग रु.१००,०००/-को प्रति दिन रु.१०००/- को दरले ब्याज लिने गरी जाहेरवाला संग रु.१०,००,०००/-(दश लाख) रुपैया मनिकलाल यादवले लिई सकेकोमा जाहेरवाला मनिकलाल यादवको घरमा गई करोडौको सम्पती तपाइको नाममा रजिष्ट्रेसन पास भई सकेको छ, तपाइबाट लिएको रकमको उचित ब्याज लिनुहोस र मेरो जग्गा, कपाली कागज र ४ वटा खाली चेक फिर्ता गरदिनुहोस भन्दा निज मनिकलाल यादवले आज भोली भन्दै आलटाल गर्दे आई जाहेरवालाको धन सम्पत्ति जग्गा जमिन पक्की घर समेत हडफने मनसायले जाहेरवालाबाट मनिकलाल यादवले लिएको सिद्धार्थ बैंकको खाली चेकमा मनिकलाल यादवले आफ्नै हातले रु.१,४६,५०,०००/- (एक करोड छयालीस लाख पचास हजार) उल्लेख गरी चेक बाउन्स गराई म जाहेवालालाई अनुचित लेनदेन गरी ठगी गरेकोले पक्राउ गरी कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको सन्तोष कुमार यादवको जाहेरी दरखास्त।

**(२) प्रतिवादी मनिकलाल यादवको वयान व्यहोरा:-**

जिल्ला सिरहा लहान न.पा. वडा नं.१ स्थितमा जाहेरवाला सन्तोष कुमार यादवको श्रीमती संगिता कुमारी यादवको नाउँमा रहेको कि.नं.१९७३ ज.बि.०-०-९ घडेरी बिक्रीमा छ भन्ने कुरा थाहा पाई निज संग भेटी मोल मोलाई गरी रु.१५ लाखमा उक्त घडेरीको मोल तय गरी निजलाई उल्लेखित रकम नगदै दिई मालपोत कार्यालय लहान सिरहामा मिति २०७७/०४/०२ गतेको दिन आफ्नै नाममा रजिट्रेसन पास गराई उक्त घडेरीमा १२ कोठाको ४ तले पक्की घर मैले आफैले बनाई लहान नगरपालिकाबाट नक्सा पास गराएको हुँ, उक्त घर देखी अं.५० मिटर दक्षिणमा जाहेरवाला सन्तोष कुमार यादवको घर रहेकोमा निज संग मेरो राम्रै चिनजान भएकोमा कुराकानी हुदा मैले साउदी अरबमा १३ बर्ष ईन्जिन्यरिङ पेशा गरी महिनाको

अं.रु.९००,०००/- (नौ लाख) रकम कमाई हुन्थ्यो भनि निजलाई मैले भन्दा मलाई घर व्यवहार मिलाउन तथा व्यपार व्यवसाय गर्नलाई मलाई सापटी रकम दिनु  भनि अनुरोध गर्दा निजको व्यवहार राम्रै छ भन ठानी म तपाइलाई सापटी रकम दिन्छु भन्दा निजले  म संग पटक पटक रकम माग गर्दा निजको ग्लोवल आइएमी बैंकको खातामा मिति एकिन थाहा भएन बिभिन्न मितिमा अं.रु.७०,००,०००/- (सत्तरी लाख) र मिति २०७८ सालमा निजले म संग पुन रु ८ लाख सापटी माग्दा मेरो आफ्नै मामा जिल्ला सप्तरी बोदेबरसाई वडा नं.८ काचन टोल बस्ने दानालाल यादव संग उल्लेखित रकम सापटी माग्दा निज मामाले प्रभु बैंक बरियारपटी शाखा सिरहाको आफ्नो खाताको चेक मेरो नाममा काटी दिनु भएकोमा मैले उक्त रकम झिकी निजलाई दिदा यती रकमले मलाई पुग्दैन अझ रु.५०,००,०००/- (पचास लाख) चाहिन्छ नत्र मेरो पैसा निस्किदैन भनि मलाई अनुरोध गर्दा मैले पटक पटक गरी बिभिन्न मिति स्थानमा ३९,५०,०००/- (उननचालिस लाख पचास हजार) रुपैया निज जाहेरवाला सन्तोष कुमार यादवलाई दिदा निज संग आफ्नो रकम फिर्ता माग गर्दा निजले म संग भेट नगरी मेरो फोन समेत नउठाई भागी हिडने गरेकोमा निजको मोवाइल फोनमा सम्पर्क गर्दा निजले एक दिन फोन उठाउदा लहान बजारको कुनै एक ठाउँमा बसी हिसाब किताब गरी तपाइको रकम दिने छु भनेको हाल मलाई मिति एकिन भएन निजले भनेको दिनमा हामी दुबै जना बसी हिसाब किताब गर्दा निज संग मैले १,४६,५०,०००/- (एक करोड छयालिस लाख पचास हजार) लिनु पर्ने भनि देखिएकोले उल्लेखित रकमको सिद्धार्थ बैंक लिमिटेड लहान शाखाको निजको खाताको चेकमा उल्लेखित रकम भरी मिति २०८०/०२/१२ गते भुक्तानी पाउने गरी मलाई उक्त चेक दिएकोमा उक्त चेक लिई आफ्नो कुमारी बैकको खातामा जम्मा गर्नलाई चेक पेश गर्दा चेकमा दस्तखत नमिलेको, उक्त खातामा चेक बराबरको मौजदात रकम नभएको, उक्त खाता Dormant भई चेक ३ पटक सम्म रकम भुक्तानीको लागि पेश गर्दा उक्त चेक बाउन्स भएकोमा निज जाहेरवाला संग मैले सम्पर्क गर्दा निज म संग नभेटी आफु बैकिङ कसुरबाट बच्नको लागि भागी हिडी निजले मेरो बिरुद्धमा काल्पनिक अनुचित लेनदेन तथा ठगी मुद्दा दिएको हो, निजले जाहेरी दरखास्तमा उल्लेख गरी दिएको ज.बि.०-०-१२.५० मा रहेको ५ कोठाको एक तल्ले पक्की घर मैले निजबाट रजिष्ट्रेसन पास गराएको छैन, मैले अर्कै व्यक्तिबाट खरिद गरेको घर जग्गा हो, रु.१,००,०००/-को प्रतिदिन रु.१०००/- लिने दिने कुरा मैले गरेको छैन र निज संग रु १०,००,०००/- (दश लाख) लिएको छैन र निज संग मैले कुनै किसिमको तमसुक कागज गराई राखेको छैन भन्ने व्यहोराको प्रतिवादी मनिकलाल यादवको वयान कागज।

**(३) घटना विवरणको कागज व्यहोराः-**

जाहेरवाला सन्तोष कुमार यादव लहान बजारको बासिन्दा रही निज जग्गाको खरिद बिक्रीको व्यवसाय गर्दे आएका हुन निजलाई म राम्ररी चिन्द छु, निज जाहेरवालालाई व्यपार व्यवसाय गर्नलाई रुपैयाको अभाव भएकोले निजले रुपैया सापटी लिनलाई साहु खोजी रहेको अवस्थामा प्रतिवादी जिल्ला सप्तरी साविक काचन गा.वि.स.वडा नं.८ हाल परिवर्तित बोदेबरसाइन नगरपालिका वडा नं.३ मा बस्ने धर्मदेव यादवको छोरा अं.बर्ष ४० को मनिकलाल यादव जाहेरवाला सन्तोष कुमार यादवलाई भेटी तपाइलाई उचित रकम दिन्छु तपाइको आफ्नो सिरहा साविक सिरहा न.पा.वडा नं.४ हाल परिवर्तित लहान न.पा.वडा नं.३ स्थितमा रहेको कि.नं.१९७३ को ज.वि.०-०-९ र सो जग्गामा रहेको १२ कोठाको ४ तले पक्की घर मेरो नाममा रजिष्ट्रेसन पास गरिदिनु जुन तपाइले मेरो रकम फिर्ता गर्नु हुन्छ त्यही दिन तपाइको घर जग्गा फिर्ता

गरदिन्छु, भनि जाहेरवाललाई नगद रु.२५००,०००/- (पचिस लाख) दिई सो बापत निज प्रतिवादीले मिति २०७७/०३/०१ गते दिन जाहेरवाला सन्तोष कुमार यादवलाई लहान मालपोत कार्यालय लहान सिरहामा बोलाई लगी निजको श्रीमती संगिता देबी यादवको नाउमा रहेको ज.बि.०-०-९ जग्गा र सो जग्गामा रहेको १२ कोठाको ४ तल्ले पक्की घर आफ्नो नाममा रजिष्ट्रेसन पास गराई निज जाहेरवालालाई परिबन्धमा पारी निज संग रु.७५००,०००/- (पचहत्तर लाख) को तमसुक कागज गराई लिई आफ्नो साथमा राखी निज जाहेरवालाले पुन प्रतिवादी मनिकलाल यादव संग रु.२०,००,०००/- (बीस लाख) ऋण लिदा सो रकमको तेब्बर जम्मा रु.६०,००,०००/- (साठी लाख) को कपाली तमसुक कागज बनाई विश्वासमा पारी निज जाहेरवालाको लहान वडा नं.१ स्थितमा रहेको ज.बि.०-०-१२.५० मा रहेको ५ कोठाको एक तल्ले पक्की घर पनि आफ्नो नाममा रजिष्ट्रेसन पास गराई लिई तत् पश्चात निज जाहेरवालाले निज प्रतिवादी संग अन्तिम पटक १२,००,०००/- (ब्राह लाख) ऋण लिएकोमा तपाइले खाली चेक दिनुस विश्वासको लागि म राखी राखी रहन्छु, कुनै किसिमको ठगी वेइमानी गर्देन जुन दिन तपाइले मलाई रकम चुक्ता गर्नु हुन्छ त्यही दिन तपाइको घर जग्गा र ४ वटा चेक फिर्ता गरदिन्छु, भनि प्रतिवादी मनिकलाल यादवले जाहेरवाला संग सिद्धार्थ बैंक लहान र ग्लोवल आई एम ई बैंक लहानको चेक थान-समेत ४ लिई जाहेरवालाले प्रतिवादी मनिकलाल यादव संग जम्मा रु. ५७,००,०००/- (सन्ताउन लाख) रुपैया लिएकोमा निज प्रतिवादीले जाहेरवाला संग रु.१००,०००/-को प्रति दिन रु.१०००/- को दरले जाहेरवाला संग रु.१०,००,०००/- (दश लाख) रुपैया ब्याज लिई सकेकोमा जाहेरवाला प्रतिवादी मनिकलाल यादवको घरमा गई तपाइलाई करोडौको सम्पती तपाइको नाममा रजिष्ट्रेसन पास गर ी दिएको छु, तपाइबाट लिएको रकमको उचित ब्याज लिनुहोस र मेरो जग्गा, कपाली कागज र ४ वटा खाली चेक फिर्ता गरदिनुहोस भन्दा निज प्रतिवबादी मनिकलाल यादवले आज भोली भन्दै आलटाल गर्दै आई जाहेरवालाको धन सम्पती जग्गा जमिन पक्की घर समेत हडफने मनसायले जाहेरवालाबाट लिएको सिद्धार्थ बैंकको खाली चेकमा प्रतिवादी मनिकलाल यादवले आफ्नै हातले रु.१,४६,५०,०००/- (एक करोड छयालीस लाख पचास हजार) उल्लेख गरी चेक बाउन्स गराई जाहेवालालाई प्रतिवादी मनिकलाल यादवले ठगी तथा अनुचित लेनदेन गरेकोले निज प्रतिवादीलाई ह ँदैसम्म कारवाही होस ्‌ भन्ने व्यहोराको कौशलेन्द्र नारायण राम, गणेश नारायाण चौधरी र रुद्रनारायण ठाकुर समेतले एकै मिलानको गरेको घटना विवरण कागज।

(४) **अभियुक्त उपरको अभियोगपत्र:-**

प्रतिवादी मनिकलाल यादवले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (१)(२) र दफा २५२(१)(२)(क) बमोजिम र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को संशोधन अध्यादेश २०८० को दफा २४९क (१)(२)(ख)(ङ) (ज) र (३) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई ऐ. संहिताको दफा २४९(३)(ग) र दफा २५२(३)(ख) र ऐ. संहिताको संशोधन अध्यादेश २०८० को दफा २४९क (४) बमोजिम सजाय हुन तथा घर जग्गा, कपाली तमसुक र चेक थान-४ मुलुकी अपराध संहिता,२०७४ को दफा २५४ बमोजिम प्रतिवादीबाट जाहेरवालीलाई दिलाई भराई अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क निर्धारण गरी क्षतिपूर्ति शुल्क कोषमा जम्मा गरी पाऊँ भन्ने व्यहोराको अभियोगपत्र।

(५) **प्रतिवादी मनिकलाल यादवले यस अदालतमा गरेको वयान व्यहोराः-** जाहेरी वहोरा सवै झुठ्ठा हो। मैले जाहेरवालाको श्रीमतीको नाउँमा दर्ता रहेको कि.नं. १९७३ को ०-०-९ जग्गा रु.१५,००,०००/- नगदै तिरी निजसंग खरिद गरेको हुँ। मैले जाहेरवालालाई रु.७०,००,०००/- निज जाहेरवालाको ग्लोवल आई.एम.ई. बैंकको खातामा पठाएको छु। रु.८,००,०००/- मैले निजलाई नगदै दिएको हुँ। रु.३९,५०,०००/- मैले निजलाई विभिन्न मिति समयमा नगदै दिएको हुँ। सवै रकमको हिसाव गरी जम्मा रु. १,४६,५०००/- वापत निजले मलाई शिद्धार्थ वैकको चेक काटी दिएको थियो। सो चेक वैंकमा भजाउन जाँदा निजको हस्ताक्षर मिलेको थिएन र निजको खातामा प्रयाप्त रकम नभएको कारण उक्त चेक बाउन्स हुन गएको हो। मैले जाहेरवालालाई कुनै प्रकारको ठगी गरेको होईन भनी गरेको वयान ।

(६) **जाहेरवाला सन्तोष कुमार यादवको वकपत्र व्यहोराः-** मैले दिएको जाहेरी दरखास्तको व्यहोरा सही सत्य हो। मिति २०८०/६/२४ गते मलाई विश्वासमा पारी गलफतमा पारी सम्झौता पत्र गराएको हो। सम्झौता पत्र अनुसार निज प्रतिवादी मनिकलाल यादवले फरफारक गर्नु पर्नेमा पुन धोका दिई फरफारक गरेका छैनन। उक्त सम्झौता पत्रको कानूनी मान्यता लोप गरी निजलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्दछ भनी वकपत्र गरेको ।

(७) घटना विवरणमा कागज गर्ने गणेश नारायण चौधरी, रुद्र नारायण ठाकुरको वकपत्र व्यहोराः-मैले घटना विवरणमा कागज गरेको व्यहोरा र सही छाप मेरो हो। प्रतिवादी मनिकलाल यादव थुनामा रहेको अवस्थामा निजको ससुरा तारनी प्रसाद यादवले मेरो ज्वाईलाई थुनामुक्त गराई दिनु हवस र तपाई विचको कारोवार घरमै मिलि लेनदेन गरी मिलाउने भनी सम्झौता गरि दिएको हो । सो सम्झौता अनुसारको रकम लिन आनकानी गरी उक्त रकम नलिएकोले सो सम्झौताको कानूनी मान्यता लोप हुनु पर्दछ भनी वकपत्र गरेको ।

(८) प्रतिवादीको साक्षी पृथ्वी राज साहको वकपत्र व्यहोराः- प्रतिवादीले जाहेरवालालाई विभिन्न माध्यमवाट रु.१,४६,५०००/- दिएको हो। सो रकम यि प्रतिवादीले हाल सम्म वुझाएको छैन । जाहेरवालाको जाहेरी व्यहोरा झुठ्ठा हो भनी वकपत्र गरेको।

## ठहर खण्ड

(९) नियम वमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फवाट उपस्थित हुन भएका विद्वान जिल्ला न्यायाधीवक्ता श्री केशव प्रसाद गौतम तथा जाहेरवालाको तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री सन्तोष सुवेदीको वहस र प्रतिवादी स्वयंम इजलास समक्ष उपस्थित भई निजको वहस जिकिरी समेत सुनियो । अभियोग दावी बमोजिम जाहेरवालालाई प्रतिवादीले ठगी गरी अनुचित लेनदेनको कसूरमा कसूर ठहर हुने हो होइन भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखियो ।

(१०) निर्णय तर्फ विचार गर्दा प्रतिवादी मनिकलाल यादवले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (१)(२) र दफा २५२(१)(२)(क) बमोजिम र मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को संशोधन अध्यादेश २०८० को दफा २४९क (१)(२)(ख)(ङ) (ज) र (३) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई ऐ. संहिताको दफा २४९(३)(ग) र दफा २५२(३)(ख) र ऐ. संहिताको संशोधन अध्यादेश २०८० को दफा २४९क (४) बमोजिम सजाय हुन तथा घर जग्गा, कपाली तमसुक र चेक समेत मुलुकी अपराध संहिता,२०७४ को दफा २५४ बमोजिम प्रतिवादीबाट जाहेरवालालाई दिलाई

भराई र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क निर्धारण गरी क्षतिपूर्ति शुल्क कोषमा जम्मा गरी पाऊँ भन्ने वादी नेपाल सरकाको अभियोग दावी रहेको देखिन्छ।

**(११)** मिति २०७७/०३/०१ गते म जाहेरवाला सन्तोष कुमार यादवले प्रतिवादी मनिकलाल यादव संग ऋण माग्दा तपाइले आफ्नो कि.नं.१९७३ को ज.बि.०-०-९ जग्गा पास गरी दिनुस र मलाई खाली चेक दिनुहोस भन्दा निजले जाहेरवालालाई नगद रु.२५००,०००/- (पचिस लाख) दिई सो बापत मिति २०७७/०३/०१ गते निज जाहेरवालालाई लहान मालपोत कार्यालय लहान सिरहामा बोलाई लगी निज जाहेरवालाको जिल्ला सिरहा लहान वडा नं. १ सिग्राही मटिअर्वा वडा नं. ४(ख) कि.नं. १९७३ को ज.बि.०-०-९ जग्गा र सो जग्गामा रहेको १२ कोठाको ४ तल्ले पक्की घर रजिष्ट्रेसन पास गराई निज जाहेरवालालाई परिबन्धमा पारी निज संग रु.७५००,०००/- (पचहत्तर लाख) को तमसुक कागज गराई लिई राखी निज जाहेरवालाले पुन मनिकलाल यादव संग रु.२०,००,०००/- (बीस हजार) ऋण लिदा सो रकमको तेब्बर जम्मा रु. ६०,००,०००/- (साठी लाख) को कपाली तमसुक बनाई विश्वासमा पारी निज जाहेरवालाको लहान वडा नं.१ सिग्राही मटिअर्वा वडा नं. ४(ख) कि.नं. २५२९ को ज.बि.०-०-१२.५० मा रहेको ५ कोठाको एक तल्ले पक्की घर रजिष्ट्रेसन पास गराई लिई तत् पश्चात निज जाहेरवालाले मनिकलाल यादवसंग अन्तिम पटक १२,००,०००/- (ब्राह लाख) लिएकोमा सो बापत खाली चेक दिनुस विश्वासको लागि म राखी रहन्छु, कुनै किसिमको ठगी वेइमानी गर्देन जुन दिन तपाइले मलाई रकम चुक्ता गर्नु हुन्छ त्यही दिन तपाइको घर जग्गा र ४ वटा चेक फिर्ता गरदिन्छु, भनि जाहेरवाला संग सिद्धार्थ बैंक लहान र ग्लोवल आई एम ई बैंक लहानको चेक थान-समेत ४ लिई जाहेरवालाले मनिकलाल यादव संग जम्मा रु. ५७,००,०००/- (सन्ताउन लाख) रुपैया लिएकोमा निज मनिकलाल यादवले जाहेरवाला संग रु.१००,०००/-को प्रति दिन रु.१०००/- को दरले ब्याज लिने गरी जाहेरवाला संग रु.१०,००,०००/-(दश लाख) रुपैया मनिकलाल यादवले लिई सकेकोमा जाहेरवाला मनिकलाल यादवको घरमा गई करोडौको सम्पती तपाइको नाममा रजिष्ट्रेसन पास भई सकेको छ, तपाइबाट लिएको रकमको उचित ब्याज लिनुहोस र मेरो जग्गा, कपाली कागज र ४ वटा खाली चेक फिर्ता गरदिनुहोस भन्दा निज मनिकलाल यादवले आज भोली भन्दै आलटाल गर्दै आई जाहेरवालाको धन सम्पत्ति जग्गा जमिन पक्की घर समेत हडफने मनसायले जाहेरवालाबाट मनिकलाल यादवले लिएको सिद्धार्थ बैंकको खाली चेकमा मनिकलाल यादवले आफ्नै हातले रु.१,४६,५०,०००/- उल्लेख गरी चेक बाउन्स गराई म जाहेवालालाई अनुचित लेनदेन गरी ठगी गरेकोले निज प्रतिवादीलाई कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने सन्तोष कुमार यादवको जाहेरी रहेको देखियो।

**(१२)** हामी दुबै जना बसी हिसाब किताब गर्दा निज संग मैले १,४६,५०,०००/- (एक करोड छयालिस लाख पचास हजार) लिनु पर्ने भनि देखिएकोले उल्लेखित रकमको सिद्धार्थ बैंक लिमिटेड लहान शाखाको निजको खाताको चेकमा उल्लेखित रकम भरी मिति २०८०/०२/१२ गते भुक्तानी पाउने गरी मलाई उक्त चेक दिएकोमा उक्त चेक लिई आफ्नो कुमारी बैकको खातामा जम्मा गर्नलाई चेक पेश गर्दा चेकमा दस्तखत नमिलेको, उक्त खातामा चेक बराबरको मौजदात रकम नभएको, उक्त खाता Dormant भई चेक ३ पटक सम्म रकम भुक्तानीको लागि पेश गर्दा उक्त चेक बाउन्स भएकोमा निज जाहेरवाला संग मैले सम्पर्क गर्दा निज म संग नभेटी आफु बैकिङ कसुरबाट बच्नको लागि भागी हिडी निजले मेरो बिरुद्धमा काल्पनिक अनुचित लेनदेन तथा ठगी मुद्दा दिएको हो, निजले जाहेरी दरखास्तमा उल्लेख गरी दिएको

ज.बि.०-०-१२.५० मा रहेको ५ कोठाको एक तल्ले पक्की घर मैले निजबाट रजिष्ट्रेसन पास गराएको छैन, मैले अर्कै व्यक्तिबाट खरिद गरेको घर जग्गा हो, रु.१,००,०००/-को प्रतिदिन रु.१०००/- लिने दिने कुरा मैले गरेको छैन र निज संग रु १०,००,०००/- (दश लाख) लिएको छैन र निज संग मैले कुनै किसिमको तमसुक कागज गराई राखेको छैन भनी प्रतिवादी मनिकलाल यादवले अधिकार प्राप्त अधिकारी समक्ष वयान गरेकोमा निज प्रतिवादीले यस अदालतमा वयान गर्दा मैले जाहेरवालाको श्रीमतीको नाउँमा दर्ता रहेको कि.नं. १९७३ को ०-०-९ जग्गा रु.१५,००,०००/- नगदै तिरी निजसंग खरिद गरेको हुँ। मैले जाहेरवालालाई रु.७०,००,०००/- निज जाहेरवालाको ग्लोवल आई.एम.ई. बैंकको खातामा पठाएको छु। रु.८,००,०००/- मैले निजलाई नगदै दिएको हुँ। रु.३९,५०,०००/- मैले निजलाई विभिन्न मिति समयमा नगदै दिएको हुँ। सवै रकमको हिसाव गरी जम्मा रु. १,४६,५०,०००/- वापत निजले मलाई शिद्धार्थ वैकको चेक काटी दिएको थियो। सो चेक वैंकमा भजाउन जाँदा निजको हस्ताक्षर मिलेको थिएन र निजको खातामा प्रयाप्त रकम नभएको कारण उक्त चेक बाउन्स हुन गएको हो भनी वयान गरेको देखियो।

(१३) जाहेरवाला सन्तोष कुमार यादवले बिभिन्न मिति समयमा प्रतिवादी मनिकलाल यादवसँग रु.५७,००,०००/- (सन्ताउन्न लाख) लिए वापत निज प्रतिवादी मनिकलाल यादवले जाहेरवालाको घर जग्गा आफ्नो नाममा पास गराई बन्धकमा पारी जाहेरवालालाई दिएको रकम भन्दा दोब्बर-तेब्बरको कपाली तमसुक बनाई जाहेरवालाको खाली चेक समेत आफु सँग राखी पछि जाहेरवालालाई थाहा जानकारी नदिई चेक बाउन्स समेत गराई ठगी तथा अनुचित लेनदेन गरेको हुँदा निज प्रतिवादीलाई कानुन बमोजिम कारवाही गरी पाउँ भनी घटना विवरण कागज गर्ने कौशलेन्द्र नारायण राम, गणेश नारायाण चौधरी र रुद्र नारायण ठाकुरको मौकामा कागज गरी सोही कागज व्यहोरालाई समर्थन हुने गरी यस अदालतमा बकपत्र गरेको देखियो।

**(१४)** प्रतिवादी मनिकलाल यादवले मैले नगदै तिरी जाहेरवाला नाम दर्ताको कि.नं. १९७३ को ज.वि. ०-०-९ र घर रु.१५,००,०००/- (पन्ध्र लाख रुपैया) मा खरिद गरेको र विभिन्न मितिमा वैंक मार्फत तथा नगदै रु.१४६,५०,०००/- (एक करोड छयाली लाख पचास हजार रुपैया) जाहेरवालालाई दिएको र सो वापत चेक लिएको हो भन्ने समेत वयान गरेको देखिए तापनि जाहेरवाला सन्तोष यादवले जाहेरीमा तथ वकपत्र गर्दा मैले रु. ५७,००,०००/- (सन्ताउन्न लाख) लिएको हो। मेरो पत्नी नाम दर्ता रहेको घर जग्गा र नवल चौधरी नामको मैले किनेको घर जग्गा प्रतिवादी मनिकलाल यादवलाई पास गरी दिएको हो। व्याज वापत प्रतिवादीलाई दश लाख रुपैया वुझाएको छु। म संग विश्वासको लागि जाहेरवालाको शिद्धार्थ वैंकको खाता नं. ०२०१५१८४४३६ को चेक नं. ००१७०९३९५२ को खाली चेक लगी निज प्रतिवादी मनिकलाल यादवले नै सो चेकमा आफ्नै हातले रु.१,४६,५०,०००/- ( एक करोड छयालिस लाख पचास हजार रुपैया) भरी चेक वाउन्स गराए पछि मात्र मलाई थाहा भएको हो र अन्य ३ वटा खाली चेक लगेको हो भनेको देखिन्छ भने जाहेरी दरखास्तमा पनि पच्चिस लाख लिई घर पास गरी दिई ७५ लाखको कपाली वनाई दिए लिएको र पुन: लहान १ को ०-०-१२.५ जग्गा र घर पास गरी दिई २० लाख लिई ६० लाखको कपाली वनाई विश्वासमा पारी लिएको हो भन्ने समेत उल्लेख गरेको देखियो।

**(१५)** सामान्यतय अहिले तराईका धैरै जिल्लाहरुमा मिटर व्याजीको अर्थात अनुचित लेनदेनको समस्या देखिएको, रिणीलाई धनीले केही रकम रिण दिई सो वापत अचल सम्पत्ति राजिनामा पास गराई पुन: तेव्वर

बरावरको कपाली तमसुक गराई लिने, रिणी पनि वाध्य भई धनीको कुरा स्वीकार गरी लिखत गरी दिने गरेको देखिएको छ। यसै प्रकारको समस्यालाई समाधान गर्न विधायिकाले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(क) थप गरी अनुचित लेनदेन गर्न नहुने भनी कानूनी व्यवस्था भएको छ।सोही संहिताको दफा २४९ मा भएको ठगी गर्न नहुने भन्ने व्यवस्थाले समेटन नसकेको हुनाले र यो समस्या मुलुक भरी देखिन थालेकोले थप कानूनी व्यवस्था भएकोले सो दफा २४९(क) को कानूनी व्यवस्था अनुसार देहाय बमोजिम अनुचित लेनदेन गर्न गराउनु हुदैन।

(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने।

(ख) लेनदेन गरेको वास्तविक रकम भन्दा वढी रकमको लिखत तयार गर्ने।

(ग) लेनदेन गर्दाकै वखत व्याज रकम समेत सावाँ जोडी लिखत तयार गर्ने ।

(घ) व्याजलाई सावाँमा जोडी नयाँ लिखत तयार गर्ने ।

(ङ) ऋणीले तिरे वुझाएको रकमको भर्पाई नदिने वा लिखत नबनाउने ।

(च) ऋणको सावाँ भन्दा वढी व्याज लिने ।

(छ) ऋण असुलीको लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानी हुने गरी धाम्की दिने वा हिंसा वा शोषण गर्ने, वा ।

(ज) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने ।

**(१६)** प्रतिवादी मनिकलाल यादवले पनि जाहेरवालाको लहान वजार स्थित घर जग्गा राजिनामा पारित गराई केही रकम दिई पुन सोही वापतमा कपाली तमसुक समेत गराई राखेको जिल्ला सिराहा लहान वडा नं. १ सिग्राही मटिअर्वा वडा नं. ४(ख) कि.नं. २५२९ को ०-०-१२.५० जग्गा र घर पास गराई वाह्र लाख दिई विश्वासको लागि खाली चेक दिनुस भनी भनेकोले ४ थान खाली चेक जाहेरवालावाट प्रतिवादी मनिकलाल यादवले लिई राखेको भन्ने कुरालाई अन्यथा मान्नु पर्ने देखिदैन। प्रतिवादी मनिकलाल यादवले जाहेरवाला सन्तोष यादववाट केही थान चेक लिएको र केही थान कागज गराएका रहेछन भन्ने मिति २०८०/६/२४ मा जाहेरवाला सन्तोष कुमार यादव र प्रतिवादी मानिकलाल यदावको ससुरा तारणी प्रसाद यादव विच भएको सहमतीको कागज समेतवाट पुष्टी भएको देखियो । साथै जाहेरवालाले २०७७ सालमा घर जग्गा प्रतिवादीलाई पारित गरी दिएको र २०७७ सालमा र सो समय देखी हाल सम्म घर जग्गा कारोवार र मुल्यमा मन्दी रहेको देखिदा घर जग्गाको मुल्याङ्गन वढेर लोभ जागेर आफ्नो घर जग्गा फिर्ता गराउनु खोजेको भन्न मिल्ने पनि देखिदैन।

**(१७)** जाहेरवाला सन्तोष कुमार यादवको शिद्धार्थ बैंक लि. मा रहेको खाता नं. ०२०१५१८४४३६ चेक नं. ००१७०९३९५२ चेकमा उल्लेखित रकम रु.१,४६,५०,०००/-(एक करोड छयालिस लाख पचास हजार रुपैया) उल्लेख रहेको देखिदा उक्त शिद्धार्थ वैंक लि. लहानमा रहेको सन्तोष कुमार यादवको खाता नं. ०२०१५१८४४३६ वाट भुक्तानी पाउने जारी भएको उक्त चेक नं. ००१७०९३९५२ को चेकको कारण सन्तोष कुमार यादवलाई कालो सुचिमा नराखी यथास्थितिमा राख्नु भनी शिद्धार्थ वैंक लि. लहानको नाममा आदेश जारी हुने गरी यस अदालतको मिति २०८०/९/६ गते आदेश समेत भएको देखियो।

**(१८)** प्रतिवादी मनिकलाल यादवले जाहेरवालाको घर जग्गा पारित गरी लिई पुन:लिखत गराएको वा चेक लिएको भन्ने कुरा मिति २०८०/६/२४ मा जाहेरवाला सन्तोष कुमार यादव र प्रतिवादीका ससुरा तारणी

प्रसाद यादव विच भएको सहमती अनुसार सन्तोष यादव र प्रतिवादी मनिकलाल यादव विच भएको लेनदेनमा १२ प्रतिशत व्याज सहित ४० दिन भित्र सनतोष यादवले रुपैया दिने र मनिकलाल यादवले दुई थान घर, चेकहरु र अन्य कागज समेत फिर्ता दिने भन्ने सहमती कागज भए पछि जाहेरवाला सन्तोष यादव मिति २०८०/७/१३ गते अदालतमा आई सोही सहमतीमा विश्वास गरी हामी वादी प्रतिवादीको घरसारमा लेनदेन भई सकेको भन्ने समेत उल्लेख गरी निवेदन दिएको र निवेदन सनाखत गराई सोही आधारमा यसै इजलासवाट थुनछेक आदेश भएको तर बकपत्रको समयमा उक्त सहमती अनुसार व्यवहार नमिलेको कारण जाहेरवालाले सहमतीको कागज समेत पेश गरी बकपत्र गरेको देखिदा अनुसन्धानको समयमा थुनामा रहेका वखतमा पनि प्रतिवादीले आफ्ना ससुरा तारणी प्रसाद यादवलाई परिचालन गरी यि जाहेरवालालाई गलफतमा पारी धोका दिने नियत राखी तत्काल थुनावाट मुक्त हुने उदेश्यले सहमतीको कागज गराएको देखियो।

**(१९)** अतः प्रतिवादी मनिकलाल यादवले जाहेरवाला सन्तोष कुमार यादवलाई विश्वास दिलाएकोमा सो बमोजिम नगरी धोका दिई वेईमानी पुर्वक नोक्सानमा पार्ने, क्षति पुऱ्याउने गरी अनुचित लेनदेन गरी अचल सम्पत्ति घर जग्गा समेत राजिनामा पास गराई लिई पुन: सोही विषयमा लेनदेन गरेको वास्तविक रकम भन्दा वढीको लिखत बनाई अर्काको सम्पत्ति वेईमानी पुर्वक आफ्नो निमित्त प्रयोग गरेको पुष्टी भएकोले वादी नेपाल सरकारको अभियोग दावी बमोजिम प्रतिवादी मनिकलाल यादवल मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (१) र (२), दफा २४९क (१)(२)(क)(ख)(ङ)(ज) बमोजिमको कसुर गरेको ठहर्छ । आपराधिक विश्वासघात तर्फको दावी पुग्न नसक्ने ठहर्छ। प्रस्तुत मुद्दा फौजदारी (कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ वमोजिम सजाय निर्धारणको लागि छुट्टै सुनुवाई गर्नुपर्ने भएकोले मिति २०८१।२।१३ गते पेशी राखी जिल्ला सरकारी वकिल कार्यालय सिराहा र प्रतिवादीलाई जानकारी दिई नियमानुसा पेश गर्नु ।

## सजाय निर्धारण

**(२०)** नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा यसै इजलासवाट मिति २०८१।२।३१ मा प्रतिवादी मनिकलाल यादवले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (१) र (२), दफा २४९क (१)(२)(क)(ख)(ङ)(ज) वमोजिमको कसूर गरेको ठहर भई निजलाई हुनु पर्ने सजाय निर्धारण गर्ने प्रयोजनको लागि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ वमोजिम पेशी तारेख तोकिई पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तर्फका विद्वान जिल्ला न्यायाधीवक्ता श्री केशव प्रसाद गौतम तथा जाहेरवालाको तर्फवाट उपस्थित हुन भएका विद्वान अधिवक्ता श्री सन्तोष सुवेदी र प्रतिवादी तर्फका विद्वान अधिवक्ता श्री राम किशोर यादवले गर्नु भएको वहस जिकिर सुनियो ।

**(२१)** प्रतिवादी मनिकलाल यादवले जाहेरवाला सन्तोष यादवलाई क्षति पुऱ्याउने गरी अनुचित लेनदेन गरी अचल सम्पत्ति घर जग्गा समेत राजिनामा पास गराई लिई पुन: सोही विषयमा लेनदेन गरेको वास्तविक रकम भन्दा वढीको लिखत वनाई लिएको र चेक समेत लिएको देखिदा अर्काको सम्पत्ति वेईमानी पुर्वक आफ्नो निम्ति प्रयोग गरेको पुष्टी भएकोले प्रतिवादी मनिकलाल यादवले मुलुकी_ अपराध संहिता २०७४ को दफा २४९ (१)(२),दफा २४९क (१)(२)(क)(ख)(ङ)(ज) वमोजिमको कसूर गरेको ठहर भएकोले

प्रतिवादी मनिकलाल यादवलाई सोही संहिताको दफा २४९(३(ग) बमोजिम एक वर्ष कैद र दश हजार रुपैया जरिवाना हुने र दफा २४९ को उपदफा (४) बमोजिम एक वर्ष कैद र दश हजार रुपैया जरिवाना हुने ठर्हछ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफ ३६(४) बमोजिम सजाय कार्यान्वयन गर्नु। प्रतिवादी मनिकलाल यादववाट जाहेरवालाल सन्तोष यादवको हानी नोक्सानी भएको विगो दावीको जिल्ला सिराहा लहान वडा नं. १ सिग्राही मटिअर्वा वडा नं. ४ (ख)कि.नं. १९७३ को घर जग्गा र ऐ.ऐ.कि.नं.२५२९ को ज.वि. ०-०-१२.५ जग्गा र घर प्रतिवादी मनिकलाल यादववाट जाहेरवालाले पाउने ठहर्छ । अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम प्रतिवादीले आठ सय रुपैया पीडित राहात कोषमा दाखिला गर्नु पर्ने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३१ बमोजिम यो फैसला गरिदिएको छ ।

**तपसील खण्ड**

- माथि ठहर खण्डमा लेखिए वमोजिम प्रतिवादी मनिकलाल यादवलाई मुलुकी_ अपराध संहिता २०७४ को दफा दफा २४९(३(ग) बमोजिम एक वर्ष कैद र दश हजार रुपैया जरिवाना हुने र दफा २४९ को उपदफा (४) बमोजिम १ (एक) वर्ष कैद र दश हजार रुपैया जरिवाना हुने र सो कैद मध्ये फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफ ३६(४) बमोजिम सजाय कार्यान्वयन गर्ने गरी फैसला भएकोले सो फैसला बमोजिम निज प्रतिवादी मिति २०८०/६/८ गते देखि पक्राउ परी प्रहरी हिरासतमा रही यस अदालतको मिति २०८०/७/१३ गतेको आदेशले धरौटी रु ५०,०००/- राखी सोही दिन तारेखमा छुटेको अवधि १(एक) महिना ५ (पाँच) दिन निज प्रतिवादीलाई भएको कैदवाट कट्टा गरी निज प्रतिवादी गैर हुँदा वाँकी कैद र जरिवाना लगत कसी असुल उपर गर्नु भनी तहसिल शाखामा लगत दिनू साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम प्रतिवादीले रु.८००।– (आठ सय रुपैया) पीडित राहात कोषमा दाखिला गर्न लगाई सो कोषमा जम्मा गर्नू ---------------------------------------------१
- प्रतिवादी मनिकलाल यादववाट जाहेरवाला सन्तोष यादवको हानी नोक्सानी भएको विगो दावीको जिल्ला सिराहा लहान वडा नं. १ सिग्राही मटिअर्वा वडा नं. ४ (ख)कि.नं. १९७३ को ०-०-९ को घर जग्गा र ऐ.ऐ. कि.नं. २५२९ को ०-०-१२.५० जग्गा र घर प्रतिवादी मनिकलाल यादववाट जाहेरवालाले पाउने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दा अन्तिम भए पछि जाहेरवालाले दावी गरेको कि.नं. १९७३ को ०-०-९ जग्गा र घर र कि.नं. २५२९ को ज.वि. ०-०-१२.५ जग्गा र घर प्रतिवादी मनिकलाल यादववाट जाहेरवाला सन्तोष कुमार यादवको नाममा दर्ता गरी दिनु भनी सम्वन्धित मालपोत कार्यालयमा लेखि पठाई दिनू-----२
- अभियोग दावी वमोजिम प्रतिवादी मनिकलाल यादवले ठगी गरी अनुचित लेनदेन गरेको ठहरी फैसला भएकोले शिद्धार्थ वैंक लि. लहानमा रहेको सन्तोष कुमार यादवको खाता नं. ०२०१५१८४४३६ वाट भुक्तानी पाउने गरी भएको चेक नं. ००१७०९३९५२ को चेकको कारण सन्तोष कुमार यादवलाई कालो सुचिमा नराखी यथास्थितिमा राख्नु भनी शिद्धार्थ वैंक लि. लहानको नाममा आदेश जारी भएकोले केही गरी रहन परेन-----------------------------------------------------------------------------------३

- यस अदालतको मिति २०८०/७/१३ गतेको आदेशले निज प्रतिवादीले राखेको धरौटी रु ५०,०००/- प्रस्तुत मुद्दा अन्तिम भई प्रतिवादीलाई भएको कैद र जरिवाना असूल भएपछि फिर्ता पाउँ भनी प्रतिवादीले निवेदन दिए सो धरौटी रकम नियमानुसार फिर्ता दिनू ---------------------------------------------------४
- यो ईन्साफमा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को देहाय (१) बमोजिम ७० दिनभित्र उच्च अदालत जनकपुर, राजविराज इजलासमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू-------------------------------------------------------------------------------५
- यो फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय सिराहालाई दिनू-----------------------------६
- प्रस्तुत फैसलाको विवरण मुलुकी फौजदारी कार्यबिधि संहिता २०७४ को दफा १३१(१०) बमोजिम अदालतको सूचना पाटीमा टाँस गरी बेभसाइटमा समेत राख्नू------------------------------------------७
- नक्कल माग्न आउने सरोकारवालालाई नियमानुसार नक्कल दिनू -------------------------------------८
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी र यो फैसला कम्प्युटरमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू------------------------------------------------------------------------------------९

यो फैसला तयार गर्न सहयोग गर्नेः-

ना.सु. नारायण वहादुर थापा

क.अ. राजकुमार शर्मा

फाँटः- १

---------------------------

**जिल्ला न्यायाधीश**

कसूर ठहर भएको मितिः २०८१।१।३१

सजाय निर्धारण भएको मितिः २०८१।२।१३

फैसला प्रमाणिकरण मितिः-२०८१।०३।१३